# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- ०७६।०७७
चलानी नं. :- ........

मिति : २०७६।१२।२८

## प्रेस विज्ञप्ति

बिश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) बाट बच्न नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्युु गर्दा नाक र मुख छोप्ने , जंगली र घरपालुवा पशुपंक्षी संगको असुरक्षित सम्पर्कबाट टाढा रहने , ज्वरो आउने, खोकी लाग्ने ,सास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा परामर्श लिने, हात नमिलाउने, अंकमाल नगर्ने जस्ता कार्य गर्न हुन सम्पूर्ण गाउँपालिका बासीमा पुन अनुरोध गर्दै लकडाउन पुर्ण रुपमा पालना गर्न अति आवश्यक काम बाहेक घर बाहीर ननिस्कन एवं नजिकै आइरहेको बिशौ पर्वको अवसरमा मेला, उत्सव, तडकभडक, भिडभाड नगर्न नगराउनुका साथै काचो मासु नखान तथा मासु राम्रो संग पकाएर मात्र खानहुन सम्पूर्ण गाउँपालिका बासीमा बिनम्र अनुरोध गर्दछु ।

हाल सम्म विदेश बाट आएका तथा क्वारेन्टाइनमा बसेका ब्यक्तिहरुको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी गराउदै यो विषम परिस्थितीमा बोगटान फुडसिल बासी जनसमुदायले लकडाउनको पुर्णपालना गरी कोरोना भाइरस (COVID-19) को विरुद्धमा ऐकेबद्धता तथा सहयोग गर्नु भएकोमा यस गाउपालिकाको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छु ।

मिति २०७६ चैत्र २६ गते यस गाउँपालिकाका विभिन्न क्वारेन्टाइनमा रहेका ६७ जना र अन्य ९ जना गरी ७६ जनाको कोरोना भाइरसको (COVID 19) परिक्षणको लागी नमुना (Nasopharyngeal and Oropharyngeal swab) संकलन गरि पठाइ सकेको र हाल सम्म प्रतिबेदन प्राप्त नभएको जानकारी गराउदछु । आज मिति २०७६ चैत्र २८ गते यस गाउपालिकाको विभिन्न स्थानका क्वारेन्टाइनमा रहेका ८३ जना र अन्य १७ जना गरि जम्मा १०० जनाको कोरोना भाइरसको (COVID 19) को र्‍यापिड डाइग्नोस्टीक टेष्ट (Rapid Diagnostic Test) गरी रिपोर्ट नेगेटिभ आएको समेत जानकारी गराउदछु । साथै आउदै लागेको नव वर्ष २०७७ सालको उपलक्ष्यमा सम्पुर्ण गाउपालिका बासी, देश तथा विदेशमा रहनु भएका आमा, वुवा, दाजुभाई तथा दिदिवहिनीहरुमा सुस्वास्थ्य, दिर्घायुको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

कमल बहादुर गडसिला
कमल व. गड्सीला
अध्यक्ष
गा.पा. अध्यक्ष